# ललितपुर महानगरमा चिकित्सकसहितको एम्बुलेन्स सेवा सुरु




आर्थिक संवाददाता
ललितपुर, भदौ १

ललितपुर महानगरले चिकित्सकसहितको एम्बुलेन्स सेवा प्रवाह गर्ने भएको छ । महानगरले सोमबारदेखि उक्त सेवा सञ्चालनमा ल्याएको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले एक कार्यक्रमका बीच सेवा शुभारम्भ गरेकी हुन् । सूचना प्राप्त भएको १५ मिनेटभित्र घरमै पुगेर चिकित्सकसहितको एम्बुलेन्स सेवा प्रवाह गर्ने महानगरले जनाएको छ । एम्बुलेन्समा अक्सिजन, एम्बुब्याग, आकस्मिक औषधिहरू, भेन्टिलेटर सहितको व्यवस्थापन गरिएको छ । यो सेवाका लागि महानगरले हाल पाँच एम्बुलेन्ससँगै चिकित्सक एवं स्वास्थ्यकर्मीसहित अत्यावश्यक मेडिसिन र उपकरणहरूको व्यवस्थापन गरेको छ । महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले प्रारम्भिक, आकस्मिक र अत्यावश्यक सेवाबाट बिरामीलाई लाभान्वित गराउँदै अस्पताल पुऱ्याउने गरि कार्यसञ्चालन प्रणालीको सुरूआत गरेको बताए । प्रमुख महर्जनले सिटिनेटको सदस्यका रूपमा भ्रमणमा जाँदा फिलिपिन्सको माकाटीमा यस्तो किसिमको सेवा प्रवाह गरेको र त्यहाँ सफल भएको देखेपछि यहाँ पनि लागू गर्न प्रयास गरेको जानकारी दिए । महानगरले कार्यविधि निर्माण गरेर यो सेवा सुरूआत गरेको उनको भनाइ छ । 'पैसा भएर, जनशक्ति भएर मात्रै यो काम सम्भव भएको हैन, सिक्ने र व्यवहारमा उतार्ने प्रयासअन्तर्गत हामीले हरेक क्षेत्रमा नयाँ–नयाँ काम गरिरहेका छौँ', उनले भने ।

कार्यक्रममा मन्त्री मेहताले स्वास्थ्य क्षेत्रमा संसारका केही देशले मात्रै लागू गर्न सकेको सेवा ललितपुर महानगरले गर्न सक्नु अत्यन्तै खुसी र राष्ट्रिय गौरवको कुरा भएको बताइन् । स्वास्थ्य क्षेत्रमा ललितपुर महानगरको यो उदाहरणीय काम संसारमा केही देशले मात्रै अवलम्बन गर्न सकेको उनको भनाइ छ । प्रमुख प्रशासकीय अधिकृत रेखा दास श्रेष्ठले ललितपुर महानगरपालिकाले सुरू गरेको यो स्वास्थ्यसम्बन्धी सेवा देशभरिकै स्थानीय सरकारमध्ये अनुकरणीय र नयाँ कार्य भएको बताइन् । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा नवीसमान सिंह प्रधानले यो कार्य सुरू हुनु सकारात्मक अत्यन्तै सराहनीय भएको बताए । भेन्टिलेटर र चिकित्सकसहितको एम्बुलेन्स नयाँ कामले अस्पताल पूर्वको निःशुल्क सेवाले महानगरवासीलाई लाभान्वित गराउने उनको भनाइ छ ।

# नाइमा एक्स्पोको एक लाख ८० हजारले गरे अवलोकन

आर्थिक संवाददाता
काठमाडौं, भदौ १



नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा एक लाख ८० हजारभन्दा बढी अवलोकनकर्ताले सहभागिता जनाएका छन् । साउन २६ देखि ३१ गतेसम्म सञ्चालन भएको एक्स्पोमा अवलोकनकताको उलेख्य सहभागिता देखिएको हो ।

नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजना गरेको मेलाको समापनका दिन आईतबार ३० हजारभन्दा बढीले अवलोकन गरेका थिए । नाइमाका अनुसार एक्स्पोको पहिलो दिन साउन २६ गते २९ हजार, दोस्रो दिन २६ हजार, तेस्रो दिन २२ हजार, चौथो दिन ३१ हजार तथा पाँचौं दिन शनिबार ४२ हजारभन्दा बढीले अवलोकन गरेका थिए । नाइमाले ६ दिनमा डेढ लाखले मेला अवलोकन गर्ने अपेक्षा गरेको थियो । नाइमा अध्यक्ष रितु सिंह वैद्यले एक्स्पोमा ५५ भन्दा बढी ब्रान्ड सहभागी हुनु, एक लाख ८० हजारभन्दा बढीले अवलोकन गर्नु तथा ५३ वटा नयाँ उत्पादन सार्वजनिक हुनु ठूलो उपलब्धि भएको बताइन् । एक्स्पोमा नयाँ सवारीसाधन र प्रविधि प्रदर्शनसँगै ज्ञान र सिकाइलाई पनि प्राथमिकता दिएको उनको भनाइ छ ।

नाइमाका बोर्ड सदस्य क्याबिनेट श्रेष्ठले नाइमा एक्स्पोमा यति ठूलो संख्यामा मानिसको आगमन हुनु सुखद संकेत भएको बताए । अटो सो प्लानिङ कमिटीका अध्यक्ष गौरव शारडा मेला सोचे र अनुमान गरेभन्दा बढी सफल भएको बताए । 'हामीले अपेक्षा गरेभन्दा धेरै नै बढी मानिसले मेला अवलोकन गर्नुभएको छ,' उनले भने, 'सोचेभन्दा धेरै अवलोकनकर्ता, सोचेभन्दा राम्रो इन्क्वायरी र सोचेभन्दा राम्रो बुकिङ भएको छ, हामी धेरै नै उत्साहित भएका छौं ।' त्यसैगरी नाइमाका स्ट्राटेजी एन्ड मेम्बरसिप अफेयर्स कमिटीका अध्यक्ष आकाश गोल्छाले मेला सुपरहिट भएको बताए ।

नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले बृहत् प्रदर्शनीसहित सिकाइ सत्रहरू, बृहत्तर सहकार्य र मागकेन्द्रित व्यवस्थापनमा ध्यान दिँदै एक्स्पोको परिभाषालाई अवधारणागत रूपमा पुस्त्याइँ गरिएको बताए । नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले दोस्रो संस्करणको एक्स्पो आयोजना गरिएको हो । एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको थियो ।

# 'अदालतको अन्तरिम आदेशलाई लत्याएर कार्यालय भत्काइयो'

काठमाडौं, भदौ १ । नेपाल टेलिकमले उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जले दिएको अल्पकालीन अन्तरिम आदेशलाई बेवास्ता गर्दै सडक डिभिजन कार्यालय हेटौंडाले नेपाल टेलिकमको वीरगञ्जस्थित घण्टाघर छेउमा रहेको दूरसञ्चार कार्यालय वीरगञ्जको भवन भत्काएको जनाएको छ ।

कम्पनीले सोमबार विज्ञप्ति जारी गरि अदालतको आदेशलाई अपहेलना गरी भवन भत्काएकोमा भन्दै असन्तुष्टि जनाएको हो । टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले सडक डिभिजन कार्यालय हेटौंडा, जिल्ला प्रशासन कार्यालय पर्सालगायतका कार्यालयसमेतलाई विपक्षी बनाई गत साउन २८ गते रिट निवेदन दायर गरेकी थिईन् । उक्त रिटमा वीरगञ्जको मुख्य सडक विस्तारसम्बन्धी कार्य तत्काल नगर्न/नगराउन उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जले साउन २९ गते अल्पकालीन अन्तरिम आदेश दिएको थियो । अदालतमा दायर गरिएको ०८३-डब्लूओ-००८५ नम्बरको मुद्दामा विपक्षीहरूलाई मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? भन्ने विषयमा लिखित जवाफ पेस गर्न आदेश दिइएको र म्याद तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र प्रमाणसहित लिखित जवाफ पेस गर्न विपक्षीलाई भनिएको थियो ।

अदालतले दिएको अल्पकालीन अन्तरिम आदेशपछि पनि सडक डिभिजन कार्यालय हेटौंडाले दूरसञ्चार कार्यालय वीरगञ्जको कार्यालय भवनलाई नापी विभागबाट तय भएको नक्शांकनभन्दा फरक हुनेगरी गत साउन ३० र ३१ गते दुईवटा स्काभेटर प्रयोग गरेर भत्काइएको टेलिकमले जनाएको छ । टेलिकमका अनुसार अदालतले भदौ ४ गते अन्तरिम आदेशका सम्बन्धमा छलफलका लागि पेसी पनि तोकिएको थियो । स्वीकृत मापदण्डभित्र रही भवनको संरचना पुनर्निर्माण गर्न प्रतिबद्ध रहेको अवस्थामा समेत एकपक्षीय तवरबाट भवन भत्काइएको टेलिकमले जनाएको छ ।

# 'अर्थतन्त्रको आवश्यकताअनुसार शिक्षा प्रणाली परिवर्तन गर्नुपर्छ'




आर्थिक संवाददाता
काठमाडौं, भदौ १

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले अर्थतन्त्रको बदलिँदो आवश्यकता सम्बोधन गर्न शिक्षा प्रणालीलाई पनि समयअनुकूल परिवर्तन गर्नुपर्ने बताएका छन् ।

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (कुसोम) मा आयोजित १५औँ संस्करणको कुसोम रोजगारी तथा इन्टर्नसिप मेलामा विश्वविद्यालय तथा तालिम संस्थाले उद्योगको आवश्यकताअनुसार पाठ्यक्रम र शिक्षण पद्धति विकास गर्नुपर्ने बताए । उनले व्यावहारिक शिक्षा, इन्टर्नसिप, उद्यमशीलता, व्यावसायिक सीप, डिजिटल दक्षता तथा उद्योग-शैक्षिक सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । नेपालमा युवालाई स्वदेशमै अवसर उपलब्ध गराउन सरकार, शैक्षिक संस्था र निजी क्षेत्रबीच बलियो सहकार्य आवश्यक रहेको अग्रवालले बताए । निजी क्षेत्रले शैक्षिक डिग्रीसँगै व्यावहारिक क्षमता, चरित्र र जिम्मेवारीबोध भएका जनशक्ति खोजिरहेको उनले बताए । डिग्री मात्र व्यावसायिक सफलताको आधार नभएको उल्लेख गर्दै अग्रवालले उच्च अंक वा स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थी मात्र व्यावहारिक जीवनमा सफल हुने निश्चित नभएको बताए । वास्तविक कार्यक्षमता, समस्या समाधान गर्ने क्षमता, सञ्चार सीप र व्यवहारिक ज्ञानलाई निजी क्षेत्रले बढी महत्व दिने उनको भनाइ थियो । निजी क्षेत्रले स्पष्ट रूपमा सञ्चार गर्न सक्ने, समस्या पहिचान गरी समाधान निकाल्न सक्ने, समूहमा काम गर्न सक्ने, परिवर्तनअनुसार आफूलाई ढाल्न सक्ने र जिम्मेवारी लिन सक्ने युवालाई प्राथमिकता दिने उनले बताए । व्यवसाय विश्वासमा निर्माण हुने भएकाले प्रतिभासँगै इमानदारी र चरित्र पनि उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

बदलिँदो विश्व श्रम बजारअनुसार युवाले आफूलाई निरन्तर अद्यावधिक गर्नुपर्ने उल्लेख गर्दै उनले प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटलाइजेसन, भूमण्डलीकरण र उपभोक्ताको बदलिँदो व्यवहारले रोजगारी तथा व्यवसायको परम्परागत स्वरूपलाई तीव्र रूपमा परिवर्तन गरिरहेको बताए । अब नेपालमै बसेर विदेशका कम्पनीका लागि काम गर्ने, अन्तर्राष्ट्रिय ग्राहकलाई सेवा दिने र विश्वव्यापी बजारमा प्रतिस्पर्धा गर्ने अवसर नेपाली युवासँग रहेको उनको भनाइ छ । विद्यार्थीले एआईलाई अनुसन्धान, उत्पादकत्व वृद्धि, सिर्जनशीलता, विश्लेषण र नवप्रवर्तनको उपकरणका रूपमा प्रयोग गर्न सिक्नुपर्ने उनले बताए ।

निजी क्षेत्रले पनि युवा प्रतिभा विकासमा थप जिम्मेवारी लिनुपर्ने र सरकारले व्यवसायमा लगानी गर्न, नवप्रवर्तन गर्न तथा विस्तार गर्न अनुकूल वातावरण निर्माण गर्नुपर्ने उनले बताए । लगानीको संरक्षण, उद्यमशीलताको प्रोत्साहन, नवप्रवर्तनको सम्मान र योग्यताको कदर हुने वातावरण निर्माण भएमा रोजगारी सिर्जना र आर्थिक समृद्धिको आधार बलियो हुने उनको भनाइ थियो । कार्यक्रममा उनले नयाँ व्यावसायिक यात्रामा प्रवेश गर्न लागेका विद्यार्थीलाई शुभकामना दिँदै युवाको भविष्यसँगै नेपालको भविष्य पनि उज्ज्वल रहेको बताए ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, कलैया शाखाको २१ दिने सार्वजनिक सूचना ॥

(प्रकाशित मिति : २०८३/०५/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८३ साल जेष्ठ महिना ०७ गतेको "आर्थिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| **ऋणीको नाम, थर र ठेगाना :** |
|---|
| शिवन सा कानुको नाति, राम लखन साको छोरा, बारा जिल्ला, उ.भिटकैया गा.वि.स/उ.म.न.पा. वडा नं. १ बस्ने **राघव प्रसाद कानु** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| रघुवर सा कानुको छोरी, राघव प्रसाद कानुको श्रीमती, बारा जिल्ला, उ.भिटकैया गा.वि.स/उ.म.न.पा. वडा नं. १ बस्ने **सरस्वती देवी कानु** । |
| राम लखन साको नाती, राघव प्रसाद कानुको छोरा, बारा जिल्ला, उ.भिटकैया गा.वि.स/उ.म.न.पा. वडा नं. १ बस्ने **विरबहादुर गुप्ता** । |
| अमृत लाल सा कानुको छोरी, रण बहादुर प्रसाद गुप्ताको श्रीमती, बारा जिल्ला, उ.भिटकैया गा.वि.स/उ.म.न.पा. वडा नं. १ बस्ने **लालसा कुमारी** । |
| राम लखन साको नाती, राघव प्रसाद कानुको छोरा, बारा जिल्ला, उ.भिटकैया गा.वि.स/उ.म.न.पा. वडा नं. १ बस्ने **रण बहादुर प्रसाद गुप्ता** । |
| **धितो सुरक्षणको विवरण :** |
| **राघव प्रसाद कानु**को नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, उत्तर भिटकैया गा.वि.स/न.पा वडा नं. १ (नक्सा सिट नं. १गा) को कित्ता नं. ९१ को ०-०-१६-२३/४ (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा कलैया शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रदान गरिने छैन)
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल भाद्र महिना २२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल भाद्र महिना २४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com



सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/०२ गतेको आर्थिक राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०५/२२ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः रधिया यादव**<br>बाबुको नाम : निर्गुन यादव<br>पतिको नाम : अवध नारायण यादव<br>ससुराको नाम : विदेशी यादव<br>ठेगानाः कसेनी-०३, मोरङ्ग, हालः बुढीगंगा-०१, मोरङ्ग<br>ना.प्र.नं.: १५६२, जारी मिति : २०६१/१२/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग<br>**कर्जा लिएको शाखा : टंकीसिनवारी, मोरङ** | **क) नामः जितेन्द्र यादव**<br>बाबुको नाम : अवध नारायण यादव<br>बाजेको नाम : विदेशी यादव<br>ठेगाना : टंकीसिनवारी-०१, मोरङ्ग<br>हालः बुढीगंगा-०१, मोरङ्ग<br>ना.प्र.नं.: ०५-०१-७१-२५७४४<br>जारी जिल्ला : जि.प्र.का., मोरङ्ग<br>मितिः २०७१/०२/०४ |

**सुरक्षणमा रहेको धितोको विवरणः**
१) भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर मोरङमा रधिया यादवको नाममा दर्ता कायम रहेको मोरङ्ग जिल्ला टंकिसिनुवारी-०१/१ख स्थित कित्ता नं.: ९२४ को क्षेत्रफल ३३८.६३ व.मि. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री सांग्रिला डेभलपमेन्ट बैंकका नाममा दर्ता कायम रही ऋणी रधिया यादव रहेको निम्नानुरारको सवारी साधन १ थान ।
सवारी दर्ता नं.: को २ त ९७६४ कम्पनीको नाम : Preet tractors P.Ltd. बनेको साल : २०१९
च्यासीस नं.: FCW४५०५६१९ इन्जिन नं.: P३४५-०८९७१ सवारीको प्रयोग : निजी
मोडेल : Preet 4549 सि.सि./हर्ज पावर : ४५ H.P सवारीको रङ्ग : BLUE

***नोटः धितो सुरक्षणमा रहेको सवारी साधन हाल बैंकको नियन्त्रण नरहेकोले सम्बन्धित ऋणी तथा जमानीकर्ताहिरुलाई बैंकलाई बुझाउनु पर्ने किस्ता (साँवा/व्याज/हर्जाना व्याज/अन्य दै-दस्तुर) रकम बुझाउनुहुन अन्यथा धितो सुरक्षणमा रहको सवारी साधन/मालवाहक साधन बैंक समक्ष उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछौं ।***

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।